# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ २६ गते

## सार्थक संवाद र वार्ताबाट जिम्मेवारी पूर्वक परिस्थितिलाई सही दिशामा डोऱ्याउन आग्रह ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा लगायत विभिन्न राजनीतिक दल तथा संघर्ष समितिहरुले सीमांकन लगायतको विषयलाई लिएर विगत लामो समय देखि तराइ-मधेस लगायत देशका विभिन्न भागमा गरिएको आमहड्ताल, बन्द, विरोध प्रदर्शन, आन्दोलनका कार्यकमहरु तथा त्यसबाट उत्पन्न परिस्थिति एवम् मानव अधिकार उल्लंघनका घटनाहरुको सम्बन्धमा आयोगले गम्भीरतापूर्वक अनुगमन गरिरहेको छ ।

पछिल्लो समयमा महोत्तरी, धनुषा र सप्तरीमा गरी ११ जना सर्वसाधारणको ज्यान जाने गरी भएको प्रहरी कारबाही तथा भाद्र २४ गते महोत्तरीमा सशस्त्र प्रहरी वलका सहायक निरीक्षक धमनबहादुर विकलाई उपचारका लागि अस्पताल तर्फ लैजादै गरेको अवस्थामा एम्वूलेन्सबाट निकाली नृशंसतापूर्वक प्रदर्शनकारीहरुबाट भएको हत्या मानव अधिकार र मानवीय कानूनको दृष्टिकोणबाट निन्दनीय र खेदजनक छ । घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कानून बमोजिम कारबाही गर्न आयोग सरकारलाई आग्रह गर्दछ ।

आन्दोलनलाई संयमित र शान्तिपूर्ण बनाउन आयोगको आजको आकस्मिक बैठकले सरकार र आन्दोलनरत पक्षलाई आग्रह गर्दछ । मानव अधिकार अवस्था माथिको बर्तमान चुनौती, सर्वसाधारणको भयरहीत वातावरणमा शान्तिपूर्वक बाच्न पाउने, हिड्डुल गर्न, पेशा व्यवसाय र रोजगारी गर्न तथा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अधिकार समेत कुण्ठित हुँदै गएको सन्दर्भमा समस्याको समाधान राजनीतिक तहमा नै रहेको आयोगको निष्कर्ष छ ।

नेपाल सरकारले सुरक्षा संयन्त्र परिचालन सम्बन्धमा गरेको पछिल्लो समयको निर्णयमा पुनर्विचार गर्न र बन्द हड्ताल लगायत आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरी सार्थक संवाद र वार्ताबाट नै अहिलेको परिस्थितिलाई जिम्मेवारी पूर्वक सही दिशामा डोऱ्याउन आयोग नेपाल सरकार, आन्दोलनरत सवै राजनीतिक दलहरु तथा सम्वद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

साथै,आन्दोलनको क्रममा जीवन गुमाउन बाध्य भएका सर्वसाधारण नेपाली नागरिक तथा सुरक्षाकर्मीहरुको परिवारलाई उचित राहत तथा क्षतिपूर्ति प्रदान गर्न र घाइतेहरुको प्रभावकारी उपचारको व्यवस्था मिलाउन पनि आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

अनुप राज शर्मा

अध्यक्ष

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org